बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प्रदेश नं. १, नेपाल

## आ.व. २०७८/०७९ को लागि नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री कर उठाउने सम्वन्धी बोलपत्र आह्वानको सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७८।०८।२३**

यस नगरपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरकार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०७७/७८ को करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | परिमाण | न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र जमानत | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ९/०७८/०७९ | बेलका नगरपालिका स्थित सिसुवाखोला माथिल्लो (वडा नं. ४,५,६) र कटारी खोला (वडा नं. ३,४,६) बाट नदीजन्य पदार्थ उत्खनन संकलन विक्रि सम्बन्धि कर संकलन ठेक्का | बालुवाः ३२३.७६<br>गिट्टीः ३,८८४.५९<br>ढुङ्गाः २३,९०५.८ | ५९,४१,९७८.३५ | कबोल अंकको ५ प्रतिशत | ३००० |
| २ | १०/०७८/०७९ | बेलका नगरपालिका स्थित सिसुवाखोला तल्लो (वडा नं. ४) र गिदेरी खोला (वडा नं. ३,४,५) बाट नदीजन्य पदार्थ उत्खनन संकलन विक्रि सम्बन्धि कर संकलन ठेक्का | बालुवाः २१,४३४.७५<br>गिट्टीः ५३,८३८.९५<br>ढुङ्गाः ५,२९२.५२ | १,६१,२२,६२४.०३ | कबोल अंकको ५ प्रतिशत | ३००० |
| ३ | ११/०७८/०७९ | बेलका नगरपालिका स्थित सेतीखोला (वडा नं. ८), जोगीनीखोला (वडा नं. ६) र आँप खोला (वडा नं. ८) बाट नदीजन्य पदार्थ | बालुवाः १,४५५.७६<br>गिट्टीः १२,३२४.५<br>ढुङ्गाः ८६४.५ | ३०,३८,३९२.२ | कबोल अंकको ५ प्रतिशत | ३००० |



अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प्रदेश नं. १, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उत्खनन संकलन विक्रि सम्बन्धि कर संकलन ठेक्का | | | | |
| ४ | १२/०७८/०७९ | बेलका नगरपालिका वडा नं. १ स्थित भालमन्ती, खररिया र त्रियुगा नदी र वडा नं. २ को धाराखोलाबाट नदीजन्य पदार्थ उत्खनन संकलन विक्रि सम्बन्धि कर संकलन ठेक्का | बालुवाः ७६,०६५.१७<br>गिट्टीः ३,३०५.२७ | १,३४,५७,९०४.८२ | कबोल अंकको ५ प्रतिशत | ३००० |
| ५ | १३/०७८/०७९ | बेलका नगरपालिका स्थित गिदेरी (वडा नं. ३ र ४), मुर्तीखोला (वडा नं. ९), मैनीखोला (वडा नं. ५), पथ्रा खोला (वडा नं. २) र जसोदा खोला (वडा नं. ९)बाट नदीजन्य पदार्थ उत्खनन संकलन विक्रि सम्बन्धि कर संकलन ठेक्का | बालुवाः १५,९९९.११<br>गिट्टीः २१,४२६.९९<br>ढुङ्गाः १,४३६.५४ | ७१,३०,०९६.२८ | कबोल अंकको ५ प्रतिशत | ३००० |

शर्तहरुः

१. प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० औं दिन (कार्यालय समयसम्ममा) उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००१ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु संलगन गरी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले यस कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सक्नेछ।

२. बोलपत्र फारामसाथ उल्लेखित जमानत रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na. Pa- Dharauti Khata Ga-3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ।

३. खरीद भएका बोलपत्रहरुको प्रत्येक पानामा सही छाप र खाममा सिलबन्दी गरी खाम वाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ।

अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

४. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा नै उक्त क्रियाकलाप संचालन गरीने छ।

६. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले १५ दिनभित्र सम्बन्धित वोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ। सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्रदाताले आफूले कबोल गरेको एकमुष्ठ रकम बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत रकम छुट दिईनेछ। यदि एकमुष्ठ रकम नबुझाएमा कवोल गरेको कूल रकम (मु.अ. कर समेत जोडी) दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ६० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ४० प्रतिशत रकम अन्तिम किस्ता (मिति २०७९ बैशाख मसान्तभित्र) बुझाउनु पर्नेछ।

९. सम्झौता गर्दा पहिलो किस्ता वापतको ६० प्रतिशत बुझाई बाँकी ४० प्रतिशत रकमको २०७९ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपूर्जी दिईनेछ ।

१०. कुनैपनि शर्त राखी पेश गरेको, आवश्यक काजजात संलग्न नगरी हुलाक मार्फत पठाएको, म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन।

११. नदीजन्य पदार्थ उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा स्वीकृत मापदण्डलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नु पर्नेछ।

१२. कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्ने र प्रयोग भैसकेका ठेलीहरु प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा कार्यालयमा बुझाउनुपर्नेछ।

१३. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन। कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानूनको परिधिभित्र रही वेलका नगरपालिकाको कार्यालय रामपुर, उदयपुरले आवश्क निर्णय लिनेछ।

१४. सम्मानित अदालत, नेपाल सरकार, बेलका नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430113, 9852835479

अर्जुन खिरौला

कारणबाट कुनै क्षति हानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले बेलका नगरपालिकासँग गर्न पाउने छैन।

१५. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिईनेछैन।

१६. बन्द, हडताल, चक्काजाम, निषेधाज्ञा वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन।

१७. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७९ जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

१८. नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण प्रत्येक महिना व्यतित भएको ७ दिन भित्र ठेकेदारले अनिवार्य रुपमा बेलका नगरपालिकामा पेश गर्नुपर्नेछ।

१९. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री शुल्क कार्यालयद्धारा तोकिएको उत्खनन् स्थल वा तोकेको संकलन केन्द्रबाट प्रदेश सरकार प्रदेश नं. १ ले जारी गरेको "प्रदेश आर्थिक ऐन, २०७८" ले तोकेको दरमा उठाउनु पर्नेछ।

२०. सूचनामा उल्लेखीत परिमाण भन्दा बढी नदीजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन।

२१. विष्तृत जानकारीका लागि वेलका नगरपालिका रामपुर, उदयपुरको इमेल belakamun@gmail.com मा वा कार्यालय समयमा सम्पर्क नं. ०३५४३०११३ मा सम्पर्क गर्न सकिनेछ ।

२२. यसमा उल्लेख भएका विषयहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका विषयहरुमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलति कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अर्जुन निरौला

प्रमुख प्रशासकीय अधिकृत